# स्वर्गद्वारी नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### भिंगृ, प्यूठान
### लुम्बिनी प्रदेश, नेपाल

# कर तथा शुल्क उठाउने सम्वन्धी शिलबन्दी दरभाउ पत्र आव्हानको सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७८/०५/१४)

नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी स्वर्गद्वारी नगरपालिका क्षेत्रवाट सवारी साधन पार्किङ कर तथा कवाडी मृत जिबजन्तु करको लागि आ.ब.०७८/७९ मा संकलन तथा निकासी गर्नको लागि निम्न लिखित वस्तुहरुमा ठेक्का वन्दोवस्त गर्न ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट तोकीएको न्यूनतम अंकवाट बढाबढ गरि स्वर्गद्वारी नगरपालिकाको कार्यालय भिंगृ, प्यूठानमा रितपूर्वक तपशिल बमोजिमको शिलबन्दी दरभाउपत्र आव्हावनको सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

१) दरभाउपत्र लिन ईच्छुक संस्था फर्म/कम्पनीले क्रमशः नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी फर्म दर्ता नविकरणको प्रतिलिपि, स्थायी लेखा नम्वर (प्यान) मूल्य अभिवृद्धि कर प्रमाण पत्रको प्रतिलिपी आ.ब. ०७६/७७ .को दर चुक्ता प्रमाण प्रतिलिपि संलग्न राखी रु १०००। (अक्षेरुपी एक हजार मात्र) तिरी पछि फिर्ता नहुने गरि यस कार्यालयवाट खरिद गर्नु पर्ने छ ।

२) शिलबन्दी दरभाउ पत्रमा निर्धारित न्यूनतम अंक नघट्ने गरि कवोल गरेको रकमको अंक र अक्षरमा स्पष्ट बुझिने गरि उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

३) सबै भन्दा वदि रकम कवोल गर्ने दरभाउदाताको कवोल अंक स्विकार गरिनेछ । स्विकृत दरभाउपत्र दाताले सम्झौता हुन पूर्व सतप्रतिशत कबोल रकम दाखिला गर्नुपर्ने छ वा कवोल गरेको ७० प्रतिशत नगद दाखिला र बाँकी ३०प्रतिशत रकम वरावरको बैंक जमानत पत्र दाखिला गरेपछी मात्र कार्यादेश प्राप्त गर्न सक्नेछ ।

४) प्रथम पटक सूचना प्रकाशन भएको मितिले पन्ध्रौं दिनसम्म (२०७८/०५/२८ गते ) कार्यालय समय भित्र दरभाउ फाराम यस कार्यालयवाट खरिद गरि सोह्रौं दिन(२०७८/०५/२९ गते ) को १२ बजे भित्र सम्ममा यस कार्यालयमा प्रस्ताव दर्ता गराई सक्नुपर्नेछ । यसरी दर्ता भएका प्रस्तावहरु सोहि दिनको १४:०० बजे प्रस्तावहरु वा निजहरुको अधिकारी प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ ।

५) प्रस्ताव दर्ता गर्ने र खोलिने दिन सार्वजनिक विदा परेमा त्यपछि लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ

६) शिलवन्दी दरभाउपत्रको साथै निम्न उल्लेखित बिड बोन्ड बराबरको रकम यस स्वर्गद्वारी नगरपालिकाको कृषि विकास बैंक भिंग्रीमा रहेको धरौटी खाता नं. ०९२४३००९८२६१८१६९ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

७) म्यादनाघी वा रित नपुगी वा कुनै शर्त उल्लेख गरेको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

८) शिलवन्दी दरभाउपत्र रहेको खाम वाहिर आफ्नो नाम, ठेगाना, ठेक्का नम्वर उल्लेख गर्नुपर्नेछ ।

९) दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०) एक स्थानमा कर वुझाएको रसिद पेश गरेमा सोहि वस्तुमा पुनःकर लिन पाइनेछैन ।

११) प्रचलित कानून बमोजिम लाग्ने कर दस्तुर आदि ठेक्का लिने पक्षले नै वुझाउनुपर्नेछ ।

१२) कानून वमोजिम निषेधित क्षेत्रवाट कर उठाउन पाइनेछैन ।

१३) फरक फरक ठेक्कामा फरक फरक शिलवन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ ।

१४) यस सूचनामा कुनै कुरा छुट भएमा प्रचलित कानून बमोजिम हुनेछ ।

| सि.नं. | ठेक्का नं. | ठेक्काको विवरण | न्युनतम कवोल अंक | धरौटी रकम | दरभाउपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २ | सवारी साधन पार्किंग कर (मोटरसाइकल, स्कूटर, जिप, कार, बस, ट्रक, अटो रिक्सा) -धरमपानि बजार, आश्रम प्रवेशद्वार नजिक, भिंग्री बजार, जलुके बजार तथा बजार वरपरको क्षेत्र | ६०,००० | ३,००० | १,००० | |
| २ | ३ | कवाडी मृत जिबजन्तु कर | १,३२,००० | ६६०० | १००० | |

**प्रमुख प्रसासकिय अधिकृत**